**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

चौरजहारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ९ मिति : २०७४/११/०७

**भाग-१**

**चौरजहारी नगरपालिका**

**प्रमाणीकरण मिति :** २०७४/११/०७

## चौरजहारी नगरपालिकाको एकिकृत स्वास्थ्य सेवा ऐन २०७४

**प्रस्तावना** : स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच *(Universal Health Coverage)* को प्रतिबद्धतालाई आत्मसात् गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ पहुँच पुऱ्याउन सबै सेवा प्रदायकलाई अझै बढी प्रभावकारी तथा उत्तरदायी बनाउने उद्देश्यले स्वास्थ्य सेवालाई समग्र विकासको मूलमुद्दाका रूपमा स्थापित गर्न साझेदारी तथा बहु सरोकारवालाहरू बीचको सहकार्यलाई जोड दिदै स्वस्थ वातावरण सिर्जना गर्न तथा स्वस्थ जीवनशैली अँगाल्न प्रेरित गर्ने उद्देश्यका साथ स्वास्थ्य क्षेत्रलाई व्यवस्थित गरी संचालन गर्न वाञ्छनीय भएकाले नगर परिषदले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षित नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"एकिकृत स्वास्थ्य सेवाऐन २०७४"** रहेको छ ।
(२) यो ऐन नगरसभावाट पारित भए लगतै प्रारम्भ भएको मानिनेछ ।

**२. परिभाषा** : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

चौरजहारी नगरपालिका

**क) आधारभूत स्वास्थ्य :** आधार भूत स्वास्थ्य सेवा, उपलब्ध श्रोतको सीमाभित्र रहेर तय गरिएको आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिका लागि प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, आयुर्वेदिक तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरूको सन्तुलित एवम् गतिशिल तथा बृहत् कार्यसूची एवम् प्रणाली सम्झनु पर्छ ।

**ख) प्रजनन स्वास्थ्य** : प्रजनन स्वास्थ्य भन्नाले परिवार नियोजन, प्रजनन हुने उमेर, सुरक्षित गर्भ अवस्था र यौन सम्बन्धी स्वास्थ्यको बारेमा बुझ्नु पर्दछ ।

**ग) पोषण सेवा :** पोषण सेवा भन्नाले रोगबाट बचाउन चाहिने सन्तुलित आहार र यस सँग सम्बन्धी प्रदान गर्ने सेवाको प्रकियालाई बुझ्नु पर्दछ ।

**घ) अस्पताल र स्वास्थ्य संस्था :** अस्पताल र स्वास्थ्य संस्था भन्नाले स्वास्थ्य सेवा प्रदानगर्ने उद्देश्यले प्रचलित कानून बमोजिम संस्थापित सरकारी, गैरसरसकारी निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, सहकारी अस्पताल सम्झनु पर्छ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ ।

**ङ) स्वस्छ खानेपानी :** स्वस्छ खानेपानी भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धिकरण गरी किटाणू रहित पिउन योग्यपानी सम्झनु पर्छ ।

**च) सरसफाई :** विभिन्न प्रकारको तरिकाहरु अपनाएर सूक्ष्म जीवाणुहरु शरीरभित्र प्रवेश गर्न नदिइ सुरक्षितहुनु र संक्रमण गर्न सक्ने सम्भावनाहरु घटाउनु भन्ने बुझ्नु पर्दछ ।

**छ) स्वास्थ्यजन्य फोरमैला :** स्वास्थ्यजन्य फोरमैला भन्नाले स्वास्थ्य सेवा प्रदानगर्दा सेवा प्रदायकर सेवाग्राहीबाट निस्कने ठोस, तरल वाग्याँस बस्तु बुझ्नुपर्दछ ।

**ज) रक्त सञ्चार सेवा :** आपतकाालिन अवस्थामा विरामीहरुलाई वा घाइतेलाई बचाउन प्रचलित कानून अनुसार एक आपसमा रक्तदानदिने मानविय सेवा सम्झनु पर्दछ ।

**छ) औषधी पसल :** सम्बन्धित विषयमा क्षमता हासिल गरेर सम्बन्धित नियकायबाट अनुमतिलिई औषधी तथा औषधीजन्य सामग्रीहरुको सेवा प्रदानगर्ने व्यवसाय सम्झनु पर्दछ ।

**ज) आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम :** अस्पताल तथा स्वास्थ्य संस्था बाट प्रदानगरिने गर्भवती, प्रसूती र नवजात शिशु उपचार सेवा भन्ने बुझ्नु पर्दछ ।

**झ) घुम्ति स्वास्थ्य शिविर :** घुम्ति स्वास्थ्य शिविर भन्नाले भौगोलिक विकटता जनसमुदायको आवाश्यकतालाई स्वास्थ्यसेवा प्रदानगर्नको लागी सम्वन्धित समुदायमा पुगेर संचालन गरीने सामान्य देखि विशेषज्ञ उपचार सेवालाई सम्झनु पर्दछ ।

**ञ) मन्त्रालय** : मन्त्रालय भन्नाले नेपाल सरकार स्वास्थ्य मन्त्रालय सम्झनु पर्दछ ।

**ट)** "**एकिकृत स्वास्थ्य सेवा**" भन्नाले दफा परिच्छेद १ को दफा १ बमोजिम स्थापना भएको नगर एकिकृत स्वास्थ्य सेवा समिति सम्झनु पर्छ ।

**ठ)** "**अध्यक्ष**" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ड) **"सदस्य"** भन्नाले समिति सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

**३. नगर एकिकृत स्वास्थ्य सेवा समितिमा देहायएका सदस्यहरु रहनेछन् :** क) नगर प्रमुख वा नीजले तोकेको व्यक्ति-अध्यक्ष

ख) स्वास्थ्य तथा अस्पताल व्यवस्थापनमा अनुभव प्राप्त गरेका व्यक्तिहरु मध्ये नगर प्रमुखले मनोनित गरेको एकजना - सदस्य

ग) जनस्वास्थ्यको क्षेत्रमा अनुभव प्राप्तव यक्तिहरु मध्ये नगर प्रमुखले मनोनित गरेको एकजना - सदस्य

घ) वरिष्ठ नर्सहरुमध्ये नगर प्रमुखले मनोनित गरेको व्यक्ति एक जना - सदस्य

ङ) वरिष्ठ डाक्टरहरु मध्ये नगर प्रमुखले मनोनित गरेको एक जना व्यक्ति - सदस्य

च) स्थानीय क्याम्पस वा माध्यामिक विद्यालयका शिक्षकमध्ये बाट नगर प्रमुखले मनोनित गरेको एक जना - सदस्य
छ) स्थानीय उद्योग वाणिज्य संघ, अध्यक्ष - सदस्य
ज) स्थानीय रेडक्रस सोसाईटी सभापति - सदस्य
छ) स्थानीय समाजसेवी मध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना -सदस्य
ज) स्वास्थ्य आम समूहबाट नगर प्रमुखले मनोनित गरेको एक जना प्रतिनिधि - सदस्य
झ) नगर स्वास्थ्य संयोजक - सदस्य सचिव

**४. नगर एकिकृत स्वास्थ्य सेवा समितिका काम, कर्तव्य र अधिकारहरु देहाय अनुसार हुनेछन्** :

१. गुणस्तरिय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच स्थापित गर्न कटिबद्ध हुने । नगरबाट आधारभूत स्वास्थ्य सेवा स्वास्थ्य विमाद्वारा निशुल्क प्रदान गरिने र विशेषज्ञ प्रेषण सेवा सामाजीक न्यायको सिद्धान्तमा आधारित स्वास्थ्य विमाद्वारा उपलब्ध गराइ स्वास्थ्य जनताको अधिकार हो भन्ने विश्वव्यापी मान्यता प्रति प्रतिबद्ध रहने ।

२. समानता, जवाफदेहीता, जनसहभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि **'सबैका लागि स्वास्थ्य र सबै स्वास्थ्यका लागि'** अभियान अघि बढाउन प्रयत्नशिल रहने । स्वास्थ्यका सामाजिक कारक तत्वहरुको महत्वलाई आत्मसात गर्दै अन्य सार्वजनिक नीतिहरुमा पनि स्वास्थ्य सरोकार प्रतिविम्वित गराउन स्वास्थ्य सबै नीतिहरुमा स्थापितगर्ने । नागरिक, कर्मचारी, व्यवसाय सवैले आफ्नो अधिकार प्राप्तगर्न, कर्तव्य पूरा गर्नु पर्छ भन्ने आत्मबोध गराउन प्रशिक्षणहरु चलाउने ।

३. स्वास्थ्य क्षेत्रमा नगरको लगानी अभिबृद्धि गर्दै र यस क्षेत्रमा भएको नीजि सरकारी तथा गैरसरकारी लगानीलाई नियमन र व्यवस्थापन गरि सेवामुलक बनाउदै स्वास्थ्य क्षेत्र मार्फत समग्र विकासको अवधारणालाई सफलीभूत बनाउन प्रयत्नशील रहने । समुदायमा आधारित स्वास्थ्य सेवालाई सुदृढ बनाउन स्वास्थ्य र विकास सहकारीलाई प्रवर्द्धनगर्ने । स्वास्थ्य सेवाको वित्तिय व्यवस्थापनमा आशिंक परनिर्भरताको स्थिति यथावत कायमै रहेको अवस्थामा समुदायको उत्पादन मुलक कार्य मार्फत आर्थिक सुदृढीकरण गर्दै स्वास्थ्य वित्तिय व्यवस्थापनमा आत्मनिर्भर तर्फ लैजाने ।

४.नागरिकलाई स्वस्थ्य बनाउन नगरले जनस्वास्थ्य प्रणालीलाई सुदृढ बनाउदै यस क्षेत्रमा लगानी बृद्धि गर्न विशेष प्राथमिकतादिने । अस्पताल र स्वास्थ्य चौकीहरुलाई गुणस्तरिय सेवा प्रदान गर्न सक्षम बनाउन आवश्यक पूर्वाधारहरुको प्रत्याभूतिगर्दै अस्पताल र स्वास्थ्य चौकीहरु स्वास्थ्यमा नागरिकहरुको पहुच सुनिश्चित गर्ने माध्यम बनाउने ।

५. नगरको मौलिक, परम्परागत र वैकल्पिक चिकित्सा पद्धतिको रुपमा रहेको आयूर्वेद, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायतका स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्न तथा सेवाग्राहीलाई वैकल्पिक सेवा छनोट सहज बनाउन उन्मुख हुने ।

६. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरिय बनाउन तथा प्रमाणमा आधारित योजना बनाउन स्वास्थ्य अनुसंधानमा जोड दिने । जनसंख्या, भूगोल, अनुरुप आवश्यक स्वास्थ्य संस्था र स्वास्थ्यकर्मिहरुको संख्या र गुणस्तरमा बृद्धि गर्ने उद्धेश्य पूर्तिको निम्तिमा नबसंसाधन विकास को प्रारुप तयार गर्ने ।

७.अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद परिवार, बेपत्ता पारिएका परिवार, लोकतन्त्रका योद्धा, द्वन्दपिडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाईते तथा पिडितले स्वास्थ्यमा प्राथमिकताको साथ अवसर पाउने । स्वास्थ्य सेवाको हकमा सबै वर्ग जातजाती, भाषा, धर्म, संस्कृति लिङ्ग, वर्ण क्षेत्र र

समुदायभित्रका आर्थीक रुपले विपन्न शारिरिक र मानसिक रुपले अशक्तहरुलाई प्राथामिकता प्रदान गर्ने ।
८.इमान्दारीता, सामूहिक कार्यगत एकता, संजाल र मेहनेति पूर्ण कार्यलाई प्रोत्साहन गर्दै नगरभित्रका सवै नागरिकलाई सेवामूखि भावनको विकासमा जोड दिइने छ ।
९.विश्वविद्यालय, प्रतिष्ठान लगायत विभिन्न अनुसन्धानमा संलग्न संस्थाहरुलाई प्रोत्साहित गरी स्वास्थ्य अनुसन्धानको क्षमताबृद्धि गर्ने ।
१०. स्वास्थ्यमा सार्वजनिक, गैरसरकारी, नीजि तथा सहकारीको सहकार्य र साझेदारी मार्फत भएको लगानी र सेवालाई आमनागरिकको हितमा प्रयोग गर्न प्रोत्साहित गरि उत्पादन मुलक कार्य मार्फत गुणस्तरीय स्वास्थ्य सेवालाई सुदृढ बनाइने र स्वास्थ्य क्षेत्र मार्फत समग्र विकासको अवधारणालाई प्रवर्द्धन गर्ने । नीजि र सहकारी क्षेत्रमा रहेको व्यवसायीकता, कार्यकुशलता, उद्यमशिलता, प्राविधिक दक्षता एवंम् वित्तिय स्रोतलाई समग्र स्वास्थ्य सेवाको विकास र विस्तारमा उपयोग गर्न नगरपालिकाले सहयोग, नियमन, व्यवस्थापन, र सहजिकरण गर्ने ।
११. अस्पताल र स्वास्थ्य संस्था स्थापना र संचालनको लागि अनुमति, मापदण्डको लागि अनुमति एवं सिफारिस प्रदान गर्ने ।
१२.नगरभित्रका स्वास्थ्यका कर्मचारीहरुको सेवा सुविधा, र कामको बाँडफाँड र हेरफेर गर्ने छ ।
१३.महामारी, विपत व्यवस्थापनको लागि कार्ययोजना तय गर्ने ।
१४.नगरभित्र स्वास्थ्य सँग सम्बन्धित अन्य गतिविधीहरुको समन्वय गरि एकिकृत रुपमा अगाडि बढाउने ।

**५. समितिको बैठक अध्यक्षले तोके बमोजिम हुनेछ ।**

**६. समितिको एउटा छुटै कोष हुने छ ।**

## विविध

**क) नियम तथा विनियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरले आवश्यक नियम बनाउन सक्नेछ ।
**ख) अधिकार प्रत्यायोजन :** समितिको यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारहरु मध्ये केहि अधिकार समितिको कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।
ग) स्वास्थ्य संस्था तथा व्यक्तिगत औषधी पसलहरुको गतिविधी निरीक्षण गर्न सक्नेछ ।